१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**औषधि प्रयोग गर्दा ध्यान दिऔं**

- मान्यताप्राप्त स्वास्थ्यकर्मीको सिफारिसबाट मात्र औषधि प्रयोग गरौं,
- औषधिको प्रयोग सम्बन्धमा पूर्ण जानकारी लिऔं,
- गर्भवती भएमा सो बारेमा स्वास्थ्यकर्मीसँग सल्लाह गरेर औषधि प्रयोग गरौं,
- औषधि बालबच्चाको पहुँचबाट टाढा राखौं,
- औषधि प्रयोग गर्दा जिउ चिलाएमा, छालामा डाबरहरु आएमा, स्वास फेर्न गाह्रो भएमा वा यस्तै अन्य लक्षण देखा परेमा तत्काल नजिकैको स्वास्थ्य संस्था वा चिकित्सकसँग परामर्श गरौं

विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १९२ ॥ २०८२ भाद्र ०७ गते शनिबार (23rd Aug 2025 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# आहा ! कति राम्रो नेत्रपार्क

बिर्तामोड(प्रस) । करोडौको लगानी खेर फाल्दै झाडीले छोपिएर जीर्ण बनेको बिर्तामोड-७ स्थित सहिद नेत्रपार्क यतिबेला रमणीयस्थल बनेको छ । पार्कभित्रको स्वीमिङ पुलले त झन् सवैको मन नै लोभ्याएको छ । सुन्दर निचाझोडा गोलधाप सामुदायिक वन क्षेत्रभित्रको सो स्वीमिङ पुलको कोशी प्रदेश सरकारका खानेपानी , सिँचाइ तथा ऊर्जा मन्त्री एकराज कार्कीले सहयोग गर्ने प्रतिवद्धता जनाए । यस वर्ष प्रदेश सरकारबाट ५ लाख रुपैयाँ विनियोजन गराउन पहल गरेका मन्त्री कार्कीले आगामी वर्ष देउनिया खोलामा पुल निर्माण गरिदिने आश्वासनसमेत दिएका छन् । वन उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद लिम्बूको अध्यक्षतामा भएको कार्यक्रममा विशेष अतिथि वडाध्यक्ष अविरलकृष्ण खरेलले वनमा नयाँ समिति निर्वाचित भएपछि नेत्रपार्कमा , माओवादी केन्द्रका मोहन सुब्बा, राप्रपाका नवीन भट्टराई, देवेन्द्र खवास , चन्द्रमणि खरेल, डिल्ली ओलीलगायतको आतिथ्य रहेको थियो । मंगलसिंह साँवाले स्वागत मन्तव्य राखेको सो कार्यक्रम सचिव इन्दिरा अधिकारी बाँस्कोटाले सञ्चालन गरेकी थिइन् । भुटानी शरणार्थीहरु तेस्रो राष्ट्र पुनर्स्थापित भएपछि गोलधाप शरणार्थी शिविर खाली भएको थियो । त्यसपछि सुन्दर निचाझोडा सामुदायिक वनको सो खाली जग्गामा सहिद नेत्रपार्क निर्माण गरिएको थियो । विभिन्न संरचना निर्माणपछि सञ्चालन नै नभई नेत्रपार्क बेवारिसे अवस्थामा पुगेको थियो । नेत्रपार्कमा बोटिङका लागि पोखरी निर्माण गरिएको थियो । त्यस्तै स्वीमिङ पुलसहित चिल्ड्रेन पार्क निर्माण गरिएको थियो । पार्कभित्र डाइनोसरको प्रतिमा समेत राखिएको थियो । पोखरी पातपतिङ्गरले पुरिएको थियो भने स्वीमिङ पुल प्रयोगविहीन बनेको थियो । स्वीमिङ पुल र बालबालिका खेल्ने संरचनाहरु बिग्रिसकेका थिए भने डाइनोसर प्रयोग गर्नै नमिल्ने गरी भत्किसकेको थियो । नेत्रपार्कलाई संरक्षण गर्न गत वर्षदेखि श्रमदान अभियान संचालन गरिएको थियो । त्यसलाई लिम्बूको नेतृत्वको समितिले अझ तीव्रता दिएको हो ।



शुक्रवार उद्घाटन गरेका छन् । करिव २० वर्षसम्म सुन्दर निचाझोडा गोलधाप सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष चलाएका मन्त्री कार्कीले नेत्रपार्कको विकासको लागि सक्दो श्रमदानमार्फत उपभोक्तालाई जोड्दै नयाँ स्वरुप दिन सफल भएकोमा खुशी व्यक्त गरे । कार्यक्रममा वन उपभोक्ता समितिकी पूर्व अध्यक्ष रेनुका उप्रेती , नेकपा एमालेका देवराज कार्की

करिव २७ विगाहमा फैलिएको सो पार्कमा ३ करोडको हाराहारीमा बजेट खेर फालेको देखिन्छ । तत्कालीन एमाले नेता नरेश खरेलको अध्यक्षतामा पार्क निर्माण समिति गठन गरी करोडौ बजेट ल्याइएको थियो । निर्माण समितिको उपाध्यक्षमा माओवादीका नेता सीपी कडरिया र सचिवमा खरेलका भतिज टिका खरेल रहेका थिए । पार्कमा पिकनिक स्थल, चिल्ड्रेन पार्क, स्वीमिङ पुल, चेन्जिङ रुम र शितल घरहरु निर्माण गरिएको थियो ।

उद्घाटन भएको स्वीमिङ पुलमा पौडी खेल्नका लागि वन उपभोक्ता समितिका सदस्यहरुलाई ५० रुपैयाँ र बाहिरका लागि सय रुपैयाँ रेट तोकिएको छ । स्वीमिङ पुलसंगै चेन्जिङ रुम , शौचालयजस्ता संरचनाहरुलाई उपयोगमा ल्याइएको छ । केही दिनपछि त्यहाँ रेस्टुरेन्ट संचालन गरिने जनाइएको छ ।

# निर्माणाधीन एसियन हाइवेका बारेमा अनेक जिज्ञासा

झापा(प्रस) । बिर्तामोड उद्योग वाणिज्य संघको आयोजनामा भएको सार्वजनिक सुनुवाइका सहभागीले निर्माणाधीन एसियन हाइवेका विषयमा अनेक प्रश्न उठाएका छन् । उनीहरुले बिर्तामोड र चारपानेमा बन्न लागेको 'ओभरपास' का विषयमा प्रश्न उठाएका हुन् ।

दुई खण्डमा विभाजन गरेर निर्माण भइरहेको सडकका विषयमा प्रश्न उठाउँदै जिल्ला खेलकुद विकास समिति झापाका अध्यक्ष भेषराज भण्डारी 'प्रशान्त' ले सडक आयोजनाले स्थानीयसंग समन्वय नगरी ओभरपास बनाउन लागेको भन्दै चिन्ता व्यक्त गरेका छन् । उनले दुवैतर्फ ड्याम उठाएर सडक निर्माण गरिएको खण्डमा वारिपारि आवतजावतमा समस्या हुने बताए ।

राष्ट्रिय उपभोक्ता मञ्च झापाका अध्यक्ष मदन गोपाल सुब्बाले बिर्तामोडमा निर्माण गरिने सडकमा ओभरब्रिज नभएको खण्डमा पार्किङ व्यवस्थापनमा समस्या हुने भन्दै चिन्ता व्यक्त गरेका छन् । उनले सिटी र अटो रिक्साका लागि समेत छुट्टै व्यवस्थापनमा अहिले नै चासो देखाउने पर्ने धारणा राखे । बिर्तामोडमा मुक्ति चोकदेखि वरिपरि एक किलोमिटर पोलरहित विद्युत सेवा सुचारु गरिनु पर्ने र सबै तारलाई अन्डरग्राउण्ड गर्दै सहरी सौन्दर्यकरणमा समेत चासो देखाउन नगरपालिकासंग आग्रह गरे ।

सडक निर्माणका क्रममा बिर्तामोड र चारपानेमा पानीको निकासको व्यवस्थापन प्रमुख रहेको भन्दै स्थानीय राजु ओलीले सहज रुपमा उत्तरबाट दक्षिण बग्ने पानीको निकास निकाल्नु पर्ने धारणा राखे । त्यस्तै वजार क्षेत्रमा सर्वजनिक शौचालय र खानेपानीको समेत उचित प्रवन्ध मिलाउन माग गरे ।

बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कुमार भट्टराईले पनि निर्माणाधीन एसियन हाइवेका विषयमा



चासो देखाए । उनले लागूऔषध नियन्त्रणका क्षेत्रमा समेत प्रभावकारी कदम चाल्न सुझाव दिए ।

अलैची व्यवसायी महासंघका अध्यक्ष निर्मल भट्टराईले बिर्तामोडमा भौतिक संरचना बन्दा अनिवार्य पार्किङको व्यवस्थापन गर्नु पर्ने र निर्माणाधीन संरचनामा बनाइएका पार्किङ अन्य क्षेत्रमा प्रयोजन भइरहेकाले त्यसको अनुगमन गर्नु पर्ने आवाज उठाए ।

कार्यक्रममा बोल्दै महिला मुक्ति अभियानकी अध्यक्ष राधा सुब्बाले बिर्तामोडमा घरेलु मदिराको खुलेआम बेचबिखन भइरहेकोप्रति चिन्ता व्यक्त गर्दै नियमनकारी निकायले अनुगमन गर्नु पर्ने धारणा राखिन् । उनले बिर्तामोडमा रहेका सुधारकेन्द्रको समेत अनुगमन गर्न माग गरिन् ।

व्यवसायी सुरेशकुमार अग्रवाल भद्रपुरेले बिर्तामोडमा सार्वजनिक शौचालय र पिउने पानीको प्रवन्ध तत्काल गर्नु पर्ने धारणा राखे । उनले निर्माणाधीन एसियन हाइवेमा डाइर्भसन दुर्घटनाको मुख्य कारण बनेको भन्दै त्यसलाई व्यवस्थित गर्न सुझाव दिए ।

चेम्वर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमलीले बिर्तामोडमा पार्किङ अस्तव्यस्त रहेको भन्दै चिन्ता व्यक्त गरे । उनले पार्किङ व्यवस्थित बनाउन आग्रह गरे । सिटी सफारी र अटोका लागि समेत निश्चित पार्किङ क्षेत्र छुट्याउनु पर्ने आवाज उठाएका उनले अब बन्ने एसियन

❖ बाँकी अन्तिम पृष्ठमा

# झापामा सवारी दुर्घटनामा २० जना घाइते

झापा(प्रस) । झापाको दुई स्थानमा भएका सवारी दुर्घटनामा परी २० जना घाइते भएका छन् । शिवसताक्षीस्थित निर्माणाधीन एसियन हाइवेको डाइभर्सनमा बस दुर्घटना हुँदा ११ जना घाइते भएका हुन् ।

शुक्रवार दिउँसो २.५५बजे शिवसताक्षी नगरपालिका वडा नं. १० किरात चौकस्थित निर्माणाधीन एसियन हाइवेको डाइभर्सनमा कुन्जिबारीबाट काँकरभिट्टातर्फ आउँदैं गरेको मे १ ख २७७३ न. को यात्रुबाहक बस अनियन्त्रित भई दुर्घटना भएको हो ।

दुर्घटनामा बिर्तामोड नगरपालिका वडा नं. ३ बस्ने बर्ष- ५३ की सुमित्रा कडरिया , सोही ठाउँ बस्ने बर्ष- ७० की डिकमाया खतिवडा ,बर्ष ५० की रुपादेवी उप्रेती ,बाह्रदशी गाउँपालिका वडा नं. - ४ बस्ने बर्ष-४० की अस्मिमा खातुन, उनकी छोरी बर्ष- १३ की सावरी खातुन , उनकै छोरी सफिना खातुन ,



छोरा बर्ष- ७ का ईसाफ आलम , अर्का छोरा बर्ष- ३ का फरियाफ आलम , शिवसताक्षी नगरपालिका वडा नं. ४ बस्ने बर्ष ३६ की निर्मला काफ्ले , सोही ठाउँ बस्ने बर्ष ३४ की तुलसा गौतम , उनका छोरा बर्ष ११ का नितेश गौतम घाइते भएका छन् । घाइतेहरुलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोड पठाइएको छ ।

बस र बस चालक मोरङ उर्लाबारी नगरपालिका वडा नं. ४ बस्ने ५६ वर्षीय मोहनलाल राई इलाका प्रहरी कार्यालय झिलझिलेको नियन्त्रणमा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै ताप्लेजुङबाट बिर्तामोडतर्फ आउँदै गरेको इभी भ्यान बिहीवार राति बुद्धशान्तिमा दुर्घटना हुँदा ९ जना घाइते भएका छन् ।

राति अन्दाजी १:२० बजे बुद्धशान्ति गाउँपालिका -३ धर्मकाटास्थित मेची राजमार्गमा प्र १-०१-००१ ज ४०८८ न. को इभी भ्यान आफै अनियन्त्रित भई दुर्घटना भएको हो । दुर्घटनामा चालक ताप्लेजुङ फुङलिङ गापा-२ बस्ने अन्दाजी बर्ष ३० का लाक्पा थेपेन शेर्पा ,भक्तपुर चाँगुनारायण नगरपालिका - १ बस्ने बर्ष १२ का सेसेहाङ सुवा सोही ठाउँ बस्ने बर्ष ३४ की प्रेमा योङहाङ , बर्ष ३२ की टिका लिम्बू , झापा अर्जुनधारा-१० बस्ने बर्ष ४४ का बिजय लिम्बू , सोही ठाउँ बस्ने बर्ष ४२ की मनकुमारी लिम्बू , भक्तपुर चाँगुनारायण न.पा. -१ बस्ने बर्ष १९ की सुविमा लिम्बू , दमक -३ बस्ने बर्ष २१ की मनिता धिमाल र सोही ठाउँ बस्ने बर्ष ४३ की रिता धिमाल घाइते भएका छन् ।

भ्यानमा सवार चालकसहित घाइतेहरुलाई उद्दार गरी उपचारको लागि बीएण्डसी अस्पताल पठाइएको छ । इभी भ्यान र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# कोशीका पत्रकारद्वारा संसद् भवन परिसरमै धर्ना

झापा(प्रस) ।कोशी प्रदेश सरकारले सदनमा पेस गरेको कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको विरोधमा पत्रकारले संसद् भवन परिसरमै धर्ना दिएका छन् ।



निषेधित क्षेत्र मानिने उक्त कोशी प्रदेशसभा भवनमा सभामुख प्रवेश गर्ने गेट छेउमै पत्रकारहरूले धर्ना दिएका हुन् । प्रदर्शनका क्रममा प्रहरीसँग केहीबेर घम्साघम्सी समेत भएको थियो ।

संसदीय पत्रकार मञ्च कोशीले प्रदेशसभा परिसरमा धर्ना दिएको थियो भने नेपाल पत्रकार महासंघ कोशी प्रदेशले संसद्को गेट अगाडि धर्ना दिएको थियो । प्रहरीले संसद् भवन परिसरबाट संसदीय पत्रकारलाई बाहिर निकालेपछि संयुक्त रूपमा गेट अगाडि शान्तिपूर्ण धर्ना दिइएको थियो । त्यहाँ पनि प्रहरीले हस्तक्षेप गरेपछि पत्रकारसँग केहीबेर धकेलाधकेल भएको थियो ।

पत्रकार महासंघ कोशी प्रदेशका अध्यक्ष भरत खड्का, उपाध्यक्ष कुमोद अधिकारी, महासचिव हिमा चेम्जोङ, सचिवद्वय ध्रुव भट्टराई, अरविन्द मेहता, संसदीय पत्रकार मञ्च कोशीका अध्यक्ष कुमार लुइँटेल, प्रेस सेन्टर कोशीका महासचिव तथा संसदीय पत्रकार मञ्च कोशीका उपाध्यक्ष गोकुल पराजुली, प्रेस युनियनका पूर्व उपाध्यक्ष लिलाबल्लभ घिमिरे, प्रेस सेन्टर नेपालका केन्द्रीय सदस्य अर्जुन आचार्य, प्रेस सेन्टरका कोशी उपाध्यक्ष सुजता लिम्बू, समाजवादी प्रेस संगठनका उत्तम पोखरेल, फोनिज मोरङका अध्यक्ष अनिल श्रेष्ठलगायतको टोलीले धर्ना दिएको हो ।

विधेयक न्याय प्रशासन तथा विधायन समितिबाट पारित भएर शुक्रबार सभामा पेस भएको छ । विधेयकमा पत्रकारलाई एक लाख रुपैयाँसम्म दण्ड जरिबाना गर्ने प्रावधान राखिएपछि पत्रकारले विरोध गरेका हुन् । नेपाल पत्रकार महासंघ कोशी शाखाका अध्यक्ष भरत खड्काले विधेयकप्रति आफूहरूको असहमति भएको बताए ।

यसैबीच पत्रकार महासंघ कोशी प्रदेश, प्रेस युनियन केन्द्रीय समिति, कोशी प्रदेश समिति, प्रेस सेन्टर कोशी प्रदेश समिति, संसदीय पत्रकार मञ्च कोशीलगायतले विज्ञप्ति जारी गर्दै विधेयकको विरोध गरेका छन् । प्रेस स्वतन्त्रता विरोधी प्रावधान राखेर ल्याउन लागेको सो विधेयक सच्याउनुपर्ने उनीहरूको माग छ ।

## "फोर्टी अन्डर ४०" मा होर इ-स्पोर्ट्सका संस्थापक तथा ओनर सज्जन गौतम सम्मानित




होर इ-स्पोर्ट्सका संस्थापक तथा ओनर सज्जन गौतमलाई नेपालमा ई-स्पोर्ट्सको विकास र पहिचानमा पुर्याएको उल्लेखनीय योगदानका लागि अनलाइनखबरले आयोजना गरेको "फोर्टी अन्डर ४०" कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मान गरेका छन् । यो सम्मान ४० वर्षमुनिका विभिन्न क्षेत्रमा प्रेरणादायी योगदान पुर्याउने ४० व्यक्तिलाई प्रदान गरिन्छ ।

गौतमको नेतृत्वमा होर इ-स्पोर्ट्सले हाले सम्पन्न पब्जी मोबाइल वर्ल्ड च्याम्पियनशिप (PMWC २०२५) मा नेपालको प्रतिनिधित्व गर्दै नवौं स्थान हासिल गर्‍यो । यससँगै टिमले करिब १ करोड ७८ लाख रुपैयाँ नगद जित्यो, जुन नेपाली ई-स्पोर्ट्स इतिहासकै अहिलेसम्मको ठूलो उपलब्धि हो । यस सफलताले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाएको मात्र होइन, हजारौं युवा गेमरलाई पनि आफ्नो सपनालाई करियर बनाउन प्रेरणा दिएको छ ।

सामान्य गेमरबाट सुरु भएको गौतमको अन्तर्राष्ट्रिय यात्रा आज दृष्टि, समर्पण र धैर्यताको प्रतीक बनेको छ। उनले ई-स्पोर्ट्सलाई युवाका लागि वैध र दिगो करियर बनाउन लामो समयदेखि प्रयास गर्दै आएका छन् । यो सम्मानले नेपालमा ई-स्पोर्ट्सप्रति समाज र सरकारले बढ्दो मान्यता दिएको सन्देश दिएको छ, साथै आगामी दिनमा थप अवसर र लगानीको ढोका खोल्ने अपेक्षा गरिएको छ ।

## सम्पादकीय

# बुवाको मुख हेर्ने दिन

आज भाद्र कृष्ण औंसीको दिनलाई हाम्रो नेपाली समाजमा कुशे औंसी वा बुवाको मुख हेर्ने दिन भनिन्छ । यो विशेष दिनलाई सांस्कृतिक र धार्मिक महत्व बोकेको पर्वको रूपमा चिनिन्छ । यो पर्व विशेष गरी पितृ पुण्य र श्रद्धाको लागि प्रसिद्ध छ ।
हाम्रो सनातन हिन्दु परम्परामा कुश (एक प्रकारको पवित्र वनस्पति) लाई भगवान विष्णुको प्रतीकको रूपमा चिनिन्छ र आजकै दिन यो पवित्र वनस्पति कुशलाई आ–आफ्नो घरमा भित्र् याइन्छ, जुन वर्षभरि गरिने देवकार्य वा पितृकार्यका लागि अति उपयोगी वनस्पतिको रुपमा लिइन्छ । कुशको महिमा वेद तथा पुराणहरूमा समेत वर्णन गरेको पाइन्छ ।
आजकै दिन आफ्नो बुबा र पूर्वजहरूको सम्मान गर्ने दिनका रूपमा पनि मनाइन्छ । यस दिन पितृहरूको तर्पण, पूजा, ब्राह्मण भोजन र दानको माध्यमबाट उनीहरूको आत्मा शान्ति र मुक्ति प्राप्त गर्न प्रार्थना गर्ने गरिन्छ ।
आज पिताको महत्व र योगदानलाई मान्यता दिने अवसर हो । बाबुको मुख हेर्ने परम्पराले पिताप्रति सम्मान र कृतज्ञता व्यक्त गर्ने अवसर प्रदान गर्छ, जसले परिवार र समाजमा पिताको स्थान र योगदानको महत्वलाई उजागर गर्छ । जसले पारिवारिक एकता र आदरको विशेष स्थान राख्छ ।

यसै दिन विशेषगरी छोराछोरीहरूले आफ्नो पितालाई आदर व्यक्त गर्न पूजा अर्चना, पिताको आशीर्वाद लिने, पारिवारिक भोजको आयोजना गर्ने गरिन्छ, साथै पितृहरूलाई सम्मान स्वरूप काठमाडौंको गोकर्ण, पशुपति, रसुवाको बेत्रावती, देवघाट, बराहक्षेत्र लगायत विभिन्न तीर्थस्थलहरूमा स्नान, श्राद्ध, सिदा र तर्पण गर्नेहरूको ठूलो घुइँचो लाग्ने गर्छ ।
नुहाउँदा, दान गर्दा, जप गर्दा, होम गर्दा, पाठपूजा गर्दा, देव कार्य होस् वा सम्पूर्ण पितृकार्यमा प्रयोग हुने बहुपयोगी कुशलाई सनातनीहरूले कुशलाई ऋषि महर्षिदेखि नै महत्वपूर्ण स्थानमा राखेका छन् । देवकार्य होस् या पितृकार्य जन्मदेखि मृत्युसम्म कुशको प्रयोग अनिवार्य हुन्छ । कुश हामी वैदिक सनातनीहरूलाई मात्र नभई कुशको धार्मिक, आयुर्वेदिक र वैज्ञानिक पक्षबाट पनि महत्व रहेको बहुउपयोगी वनस्पति हो ।

धार्मिक कथनअनुसार कुश स्वर्गका राजा इन्द्रको वज्र, विष्णु भगवानको सुदर्शन चक्र र शिव भगवानको त्रिशूलजस्तो शक्तिशाली छ । यस्तो पवित्र कुश लगाए सबै खालको रिस, राग, क्रोध, संवेग तथा आवेग नियन्त्रित हुन्छ भन्ने विश्वास गरिन्छ । विष्णु भगवानको प्रतीक मानिने कुशलाई श्रीमद् भगवद् गीता, गरुड पुराण, अथर्व वेद आदिमा क्रोधशामक र अशुभ निवारक अर्थात् मनलाई नियन्त्रण गर्नसक्ने क्षमता रहेको छ भनेर व्याख्या गरिएको पाइन्छ ।

# विपिन कुरिरहेको विश्व



• डा. शोभाकर पराजुली

सन् २०२३ अक्टोबर ७ । गाजापट्टीबाट प्यालेस्टाइनी विद्रोही लडाकु समूह हमासले इजरायलमाथि सयौँ रकेट र ड्रोन आक्रमण गरेर युद्धको धावा बोलेको थियो । लगत्तै इजरायलले पनि हमासविरुद्ध आक्रमण सुरु गऱ्यो । गाजापट्टीबाट त्यो दिन निस्किएको युद्धको तुँवालोले अहिलेसम्म पनि पूरै विश्व छेकिरहेको छ । यो खास एउटा देशको विद्रोही समूह अर्को सिङ्गो देशसँग लडिरहेको एउटा लामो युद्ध हो । यसको अन्त्यका कुनै सङ्केत नै अहिलेसम्म देखा परेका छैनन् । न त्यसको गन्तव्य दुवै पक्षलाई थाहा छ । एकअर्कालाई झुकाउन सुरु भएको यो युद्धले अहिलेसम्म ६० हजारभन्दा बढी मानिसको ज्यान निलिसकेको छ । लाखौँ मानिस यसबाट प्रत्यक्ष प्रभावित छन् । त्यो उतैको कुरा भयो तर यो युद्धबाट लगभग पाँच हजार किलोमिटर टाढा रहेको नेपाल पनि नराम्ररी पिरोलियो ।

त्यो दिन होनहार १० नेपाली युवाले एउटा बङ्करमा ज्यान गुमाए । पढ्दै अनि कमाउँदै कार्यक्रमका लागि इजरायलमा पुगेका कृषि क्षेत्रका नेपाली विद्यार्थीमध्ये एक थिए विपिन जोशी पनि । कञ्चनपुरबाट इजरायल पुगेका विपिन युद्ध सुरु भएलगत्तै साथीहरूसँगै बङ्करमै थिए । हमासका लडाकुले त्यो बङ्करलाई नै ‘होस्टाइल’ गरे । हमासले बङ्करा हानेको बम छोपेर विपिनले उतैतिर मिल्काइदिए । आफ्ना साथीहरूलाई त जोगाए तर त्यहाँ रहेका केही मानिसलाई हमासले आफ्नो नियन्त्रणमा लियो । त्यो केहीको हुलमा एक थिए विपिन पनि ।

पर्खाइको पीडा कस्तो हुन्छ, २३ महिनादेखि विपिन आउने बाटो कुरिरहेका उनको परिवारलाई भन्दा अरूलाई कसलाई पनि त्यसको दर्द थाहा होला र ! तथापि विपिनको पर्खाइमा आज उनको परिवार अनि सिङ्गो नेपाल मात्रै होइन बरु पूरै विश्व आत्तिइरहेको छ । विपिनको रिहाइ अब उनको परिवार र देश मात्रै होइन सिङ्गो विश्वको सरोकार भइसकेको छ ।

यतिबेला विपिनका आमा र बहिनी इजरायल पुग्नुभएको छ । विपिनसहित हमासको नियन्त्रणमा रहेका भनिएका सयौँ मानिसलाई रिहाइको माग गर्दै इजरायलमा हुने दिनहुँ जसो प्रदर्शनमा उहाँहरू पनि सहभागी हुनुभएको छ । इजरायली कूटनीतिक र सरकारका प्रतिनिधिले उहाँहरूलाई विपिन बसेको बङ्कर पनि देखाउनुभयो । यतिबेला विपिनकी बहिनीले इजरायली भूमिमा खसाइरहेको आँसु विश्वभरिकै सञ्चार माध्यममा ‘हेडलाइन’ बनेका छन् । इजरायलका राष्ट्रपति, प्रधानमन्त्रीसमेतले उहाँहरूसँग भेटेर विपिनको रिहाइका लागि पहल गर्ने वचन दिनुभएको छ । इजरायलले उहाँहरूलाई संयुक्त राष्ट्रसङ्घसम्मै पुऱ्याउने कोसिस पनि गरिरहेको छ । यसबाट हमासमाथि विपिनसहितका बन्दीहरूलाई रिहा गर्न अन्तर्राष्ट्रिय दबाब हुने विश्वास पनि गरिएको छ ।

१० जना युवाको शवसँगै त्यो बेला नेपालले सयौँ नेपाली विद्यार्थीलाई इजरायलबाट उद्धार गरेर ल्याएको थियो । अझै पनि छ हजारभन्दा धेरै नेपाली रोजगारीकै लागि इजरायलमै छन् । इजरायल आफैँ पनि विद्रोही पक्षसँग लडिरहेको छ । हमास मात्रै होइन इजरायल यतिबेला धेरै देश र विद्रोही समूहसँगको युद्धमा छ । सयौँ वर्षदेखिका विवादका टुक्राहरूले इजरायलले धेरै युद्ध बेहोरिसकेको इतिहास छ । अहिले पनि ऊ लडाइँकै मैदानमा छ । यस्तो अवस्थामा पनि उसले नेपाली युवाको सकुशल रिहाइका लागि अन्तर्राष्ट्रिय र कूटनीतिक दबाबमा सघाइरहेको छ । यो एउटा मित्रराष्ट्रका लागि महत्वपूर्ण काम र सम्मान पनि हो । किनकि नेपाल-इजरायलबिच लगभग ६५ वर्ष पुरानो सम्बन्ध र मित्रताको इतिहास छ ।

भूमध्य सागरको दक्षिणपूर्वी तटमा रहेको इजरायल सन् १९४७ मा स्थापना भएको हो । खास गरी प्यालेस्टाइनबाट ब्रिटिस साम्राज्यको अन्त्य भएपछि नै एक स्वतन्त्र राष्ट्रका रूपमा इजरायल स्थापित भएको हो । स्थापनाकालदेखि नै उसले अनेक आरोहअवरोह झेल्दै आएको छ । इतिहासमा इजरायलले धेरै युद्ध भोगेको छ । त्यसैले प्यालेस्टाइनासँगको उसको लडाइँ पुरानो मात्रै नभएर निकै पुरानो पनि हो । यसको इतिहास खोतल्दै जाँदा पहिलो विश्व युद्धपछिको समयसम्मै पुग्नु पर्छ । पहिलो विश्वयुद्ध थामिएपछि मध्यपूर्व (खास गरी खाडी राष्ट्रहरूमा) ‘अटोमन’ साम्राज्य पनि ढल्यो । त्यसपछि यो क्षेत्रमा ब्रिटेन (बेलायत) ले कब्जा गऱ्यो । १४ औँ शताब्दीपछि र २० औँ शताब्दीको बिचमा युरोप साम्राज्यको विशाल रूप थियो ‘अटोमन’ । हालको टर्कीलाई केन्द्र बनाएर त्यो बेलाका शक्ति राष्ट्रहरूले बुल्गेरिया, रोमानिया, युगोस्लोभियालगायतका क्षेत्रहरूमा यो साम्राज्य फैलिएको थियो । जसको राजधानी हालको इस्तानबुल थियो । पहिलो विश्वयुद्धमा बेलायत र उसका सहयोगी राष्ट्रहरूले त्यो साम्राज्यलाई पराजित गरेपछि त्यहाँ पनि बेलायती शासनले नियन्त्रण लिएको थियो । त्यसपछि अटोमन साम्राज्यमा रहेका देशहरू ‘स्वतन्त्र’ त भए तर लामो समयसम्म ती ब्रिटेनका उपनिवेश जस्तै रहे ।

यहाँ अधिकांश यहुदी र अरबी समुदायका मानिसको बसोबास थियो । दोस्रो विश्व युद्धको अन्त्यसँगै सारा विश्व संयुक्त राष्ट्रसङ्घको छातामुनि गोलबद्ध भयो । अर्कोतर्फ यहुदी र अरबी समुदायबिच मतभेद बढ्दै गइरहेको थियो । बेलायत साम्राज्य यो विवादलाई सुल्झाउन नसक्ने अवस्थामा पुगेको थियो । बेलायती शासकले यहुदीका लागि प्यालेस्टाइनमा छुट्टै भूमि छुट्याउने प्रस्ताव राख्यो तर त्यसमा सहमति जुट्न सकेन । त्यसपछि इजरायल र प्यालेस्टाइनबिचको यो विवाद राष्ट्रसङ्घ छिऱ्यो ।

राष्ट्रसङ्घमा यो विषयमा मतदान नै भएको थियो । परिणामपछि यहुदी बाहुल्य क्षेत्र इजरायलको स्वामित्वमा रहने भयो र अरबीको सङ्ख्या बढी भएको क्षेत्र प्यालेस्टाइनको भयो । बाँकी रह्यो जेरुसेलम (हाल इजरायलको राजधानी), जहाँ यहुदी र मुसलमान दुवैको वर्चस्व सरोबरी थियो । राष्ट्रसङ्घले त्यो क्षेत्रमा अन्तर्राष्ट्रिय नियन्त्रण रहने घोषणा गऱ्यो । लगत्तै सन् १९४८-४९ ताका इजिप्ट, सिरिया, इराक तथा जोर्डनले इजरायलमाथि आक्रमण गरे । इजरायलले त्यो आक्रमणलाई विफल पारिदियो । प्यालेस्टाइनको भूभाग तहसनस भयो ।

पश्चिमी भाग जोर्डनको नियन्त्रणमा पुग्यो । गाजापट्टि इजिप्टको कब्जामा पुग्यो । झन्डै आधा इजरायलको नियन्त्रणमा रह्यो । लगभग सात लाख बढी अरबी प्यालेस्टाइनीहरू शरणार्थी भए । पहिलो विश्वयुद्धको अन्त्यसँगै ‘अटोमन’ साम्राज्य ओरालो लाग्दै थियो । प्यालेस्टाइनमा बेलायतको शासन भयो । बालफोरु घोषणाबाट ठुलो सङ्ख्यामा यहुदीहरू प्यालेस्टाइनमा बसाइँ सरेका थिए । उता बेलायतले फ्रान्स र रुससँग ‘साइक्स-पिकोट’ भनिएको एउटा गोप्य सम्झौता गऱ्यो ।

सम्झौताले सम्पूर्ण मध्यपूर्वलाई विभिन्न भागमा विभाजन गरी पहिलो विश्वयुद्ध समाप्त भएपछि कुन देश कुन भागमा जाने भन्ने निर्णय गरे । यो अवधिमा यहुदीहरूको सङ्ख्या तीव्र गतिमा बढ्दै थियो । प्यालेस्टाइनमा बसाइँ सरेका यहुदीहरू त्यहाँ जग्गा जमिनसमेत खरिद गर्न सुरु गरिसकेका थिए । त्यहीबेला अरबी राष्ट्रहरूबिच

द्वन्द्व सुरु भयो । सन् १९३६ ताका प्यालेस्टाइनी र अरबी सङ्घर्ष चर्कियो । बेलायतले त्यो विवाद साम्य पार्न यहुदी सेनाको मद्दत लियो । प्यालेसटाइनीहरूलाई शान्त गर्न ब्रिटेनले यहुदीहरूको बसाइँसराइमा नियन्त्रण गर्न थाल्यो । दोस्रो विश्वयुद्धको सुरुवाती विन्दु त्यही नै थियो । हिटलरको शासनमा युरोपभरि नै यहुदीहरूको नरसंहार भयो । करिब ४२ लाख यहुदीहरूलाई ग्यास च्याम्बरमा राखेर मारिएको इतिहास छ । युरोपमा बसोबास गर्ने यहुदीहरूले प्यालेस्टाइनबाहेक अर्को कुनै ठाउँमा यहुदीहरू सुरक्षित रूपमा बस्न नसक्ने निष्कर्ष निकाले ।

सन् १९९३ मा ‘ओसलो एकोर्ड’ भनिने पाँच वर्षीय सम्झौता भयो । त्यसमा इजरायलले प्यालेस्टाइनलाई स्वतन्त्र देश स्वीकार्नुपर्ने सर्त थियो । यही सम्झौताको जगमा ‘यिट्ज स्टाक रोबेन’ र ‘यासिर अराफात’ लाई नोबेल शान्ति पुरस्कार दिइएको थियो । सन् २००० देखि फेरि युद्ध सुरु भयो । सन् २००५ सम्म अवस्था झनै खराब हुँदै गयो । इजरायलले आफ्नो नीतिमा कडाइ गर्न थाल्यो । गाजा क्षेत्रबाट आफ्ना करिब आठ हजार सेना फिर्ता बोलायो । सन् २००७ ताका प्यालेस्टाइनको विद्रोही समूह हमास समूहले गाजा क्षेत्रलाई आफ्नो नियन्त्रणमा राख्यो । उता पिएलओ-फतेहबिचको राजनीतिक विचारधारा ठिकविपरीत भयो । हमासले उग्रराष्ट्रवाद चर्कायो । परिणाम आज पनि गाजापट्टि क्षेत्रका लागि त्यो युद्ध जारी छ ।

सन् १९५० को दशकतिर इजरायल एउटा यस्तो राष्ट्र थियो जसलाई विश्वका कुनै पनि राष्ट्रहरूले उसलाई एउटा ‘स्वतन्त्र’ राष्ट्रको रूपमा स्वीकार गर्न निकै हिच्किचाहट मान्थे । अन्तर्राष्ट्रिय सम्बन्ध र स्वतन्त्र राष्ट्रको स्वीकार्यताका लागि हात फैलाइरहेको लगभग १० वर्षपछि नेपालले इजरायसँग मित्रताको हात अघि बढायो । तत्कालीन प्रधानमन्त्री बिपी कोइरालाले इजरायलमै पुगेर ‘दौत्य सम्बन्ध’ को यात्रा सुरु गर्नुभएको थियो । नेपालकै प्रथम जननिर्वाचित प्रधानमन्त्रीका हैसियतमा विश्वभरि नै उहाँको राजनीतिक कद उँचो त थियो नै करिब पाँच हजार किलोमिटर टाढाको देशसँग उहाँले गाँस्नुभएको त्यो साइनोले नेपालको चर्चा अझ विश्वभरि नै हुन थाल्यो । यसरी उत्तर-दक्षिण रहेका दुई शक्तिशाली देश र दक्षिण एसियाका अरू राष्ट्रभन्दा पनि अघि बढेर इजरायलसँग सम्बन्ध गाँस्ने नेपाल पहिलो दक्षिण एसियाली राष्ट्रका रूपमा रह्यो । यो प्रशान्त क्षेत्रमा इजरायलले पहिलो पटक नेपालमै आफ्नो कूटनीतिक नियोगको स्थापना गरेको थियो । सन् १९६० मा आफैँले कायम गरेको दौत्य सम्बन्धका बारेमा बिपीले एउटा ‘आँटिलो काम’ भनेर आफ्ना आत्मवृत्तान्तमा पनि लेख्नुभएको छ । यद्यपि त्योभन्दा अघि अर्थात् सन् १९५६ मै कोइरालाले ‘हिटलर र यहुदी’ उपन्यास लेखिसक्नुभएको थियो । जसबाट पनि उहाँ इजरायलसँग परिचित नै हुनुहुन्थ्यो । औपचारिक सम्बन्धपछि सन् १९६० मै उहाँले संयुक्त राष्ट्रसङ्घमा सम्बोधन गर्नुभयो र इजरायलको राजनीतिक वास्तविकता बुझेर उसलाई मान्यता दिए अरब राष्ट्रसँगको द्वन्द्व समाधान हुने धारणा पनि राख्नुभएको थियो । जतिबेला इजरायललाई मान्यता दिने वा नदिने भन्नेबारेमा विश्व नै विभाजित थियो । यसरी आजपर्यन्त बिपी र नेपाललाई इजरायलले उत्तिकै सम्मान भाव राख्दै आएको छ । आज त्यही भूमिबाट बेपत्ता पारिएकाविपिन र उनको परिवार अनि सिङ्गो नेपालप्रति इजरायलको समभाव पनि त्यसैको अन्तर्य हो ।

विपिनका लागि नेपाल सरकारले पनि कूटनीतिक पहल नगरेको होइन । जति गऱ्यो र जे भयो त्यत्तिले पुगेकै छैन । अझै प्रभावकारी कूटनीतिको जरुरी छ । जसरी विपिन रिहाइका लागि हमासलाई दबाब पुग्नुपर्ने हो, त्यो पुगेकै छैन । अर्थात् हामीले ‘कूटनीतिक पहल वा प्रयास’ का नाममा समयको खर्च गरिरहेका छौँ कि भन्ने पनि भान भएको छ । आजको समयमा विश्वका त्यस्ता बिरलै देशहरू होलान् जहाँ नेपालीले पाइला नटेकेको होस् । त्यसैले विपिनको यो घटनाबाट नेपाल र नेपालका राजनीतिज्ञले पनि पाठ पक्कै सिक्नु पर्छ । यस्तो सङ्कटका बेला आफ्ना नागरिक कसरी सुरक्षित बनाउने र कसरी खोज्ने भन्ने कुरा हामीलाई धेरै घटनाले पनि सिकाइसकेका छन् । तथापि अहिलेका लागि हामी विपिन ल्याउने बाटो खोजौँ । विपिनलाई पर्खिरहेको उनको परिवार, यो देश अनि सिङ्गो विश्वसँगै युद्धरत पक्षलाई अझ कूटनीतिक दबाब बलियो पारौँ । अनि कामना गरौँ, विपिन चाँडै घर फिर्ने छन् ।




# तिज गीतले कोरेको समयको पदचाप



• सरस्वती सरस

तिज पर्वको अवसरमा नारीहरू मिलेर गाइने गीत नै तिज गीत हो। भदौरे गीतको उपनामले चिनिने तिज गीत सामूहिक रूपमा गाइन्छ। आँगन, चौर, मन्दिर र चोकहरूमा भेला भई ताली पिटेर गाउने तिज गीतमा चेलीबेटीहरूका पीडा, आँसु, उत्पीडन र सुस्केराहरू भेटिन्छन्। कर्मघरको दुःखेसो र जन्मघरको सुखेसोमा तरंगित तिज गीतमा विशेषगरी नारीहरूका विलाप र क्रन्दन नै मुख्यरूपमा अभिव्यक्त भएको पाइन्छ।

एउटा समय थियो, त्यो समयमा नारीहरू विवाह गरेर गएपछि सासूको अधीनमा बस्नुपर्थ्यो। नन्दआमाजूका चित्त बुझाउन अनेक प्रयास गर्नुपर्थ्यो। दिनभरि घाँसदाउरा, चुलोचौको गर्नुपर्ने रातभरि सासू, नन्दआमाजूले ‘भयो’ नभनुन्जेलसम्म उहाँहरूलाई तेल लगाउनुपर्ने, त्यसपछि श्रीमान्को सेवा गर्नुपर्ने कहालीलाग्दो समय बिताएका नारीहरू नारीद्वारा नै उत्पीडनमा परेका थिए। कहिले त तेल लगाउँदा लगाउँदै उज्यालो हुन्थ्यो। आँखा झिमिक्क गर्न पाइन्नथ्यो। ओछ्यानमा नपुगी घरधन्दातिर लाग्नुपर्थ्यो। हरेक घरका नारीहरूको वास्तविकता यही थियो।

नारीका आवाज निर्धक्कसँग सुन्ने त्यस्तो कुनै ठाउँ थिएन। थियो त वर्षा ऋतुमा आउने एक पर्व- तिज। तिजमा नारीहरू माइत आए। बर्खे भेल बगे जसरी बगे। जसरी बर्खाको समयमा खोल्सोले खोलोको रूप लिएर किनारामा भेटिएका सबै कुरा बगाउँछ, त्यसरी नै नारीहरूले पनि आफूले घरमा भोगेका दुःख र वेदना माइतीमा आमा, दिदीबहिनी र साथीसमक्ष बगाए। सबै नारीका भोगाइ उस्तै थिए। पीडा उस्तै थिए। सबै उसैगरी दर्किए जसरी मेघ गर्जिएपछि आकाश अँध्यारो अनुहार लगाएर दर्किन्छ। नारीहरूले तिज पर्वमा मनमा भएका सबै उकुसमुकुस पोख्थे। माइतीघरमा जम्मा भएर कर्मघरमा आफूले भोगेका दुःखलाई गीतको भाकामा उनेर पर्व मनाउँथे। वर्षको एक दिन मनको घाउमा जम्मा भएको सबै पिप निचोर्थे र हलुका भएर जुन बाटो आउँथे उही बाटो फर्किन्थे।

शिक्षा र चेतनाको उज्यालो चाख्न नपाएका नारीहरू आफूलाई सासू र नन्दआमाजूले जस्तो व्यवहार गरे त्यस्तै व्यवहार बुहारीलाई गर्न थाले। समयको घट्टसँगै नारीहरूले नै नारीहरूलाई पिँधीरहे। यसरी पिँधे जसरी पितृसत्ताले निर्देशन गऱ्यो। पितृसत्ताले नारीको स्वतन्त्रता मन पराउँदैन। नारीको आवाज सुन्न चाहँदैन। नारी नारीको मेलमिलापको चाहना राख्दैन। त्यही चाहनाअनुसार नारीहरू पुरुषसत्तालाई मलजल गरिरहे। आफ्नो अधिकार र कर्तव्यलाई उल्टो पारेर सिलाइरहे। माइतीमा नन्दआमाजू बनेर भाउजूबुहारीलाई सताइरहे। घरमा बुहारी बनेर किनारामा परे। फेरि सासू बनेर केन्द्रमा बसे र बुहारीलाई परिधिमा धकेले।

पहिले पहिले नारीले मात्र गाउने तिज गीत अहिले पुरुषले पनि गाउन थालेका छन्। केही गीतमा नारी र पुरुषको सहकार्य, सहयोग र सद्भाव देखिन्छ भने धेरैजसो गीतमा समाज परिवर्तनको स्वर मुखरित भएको पाइँदैन। नारीमनको भावना छैन। कुनै संवेदना छैन। छ त केवल अतिरञ्जित शब्दहरू। मनोरञ्जनमा मात्र सीमित गीतहरूले मौलिकपन गुमाएका छन्। तिजको वास्तविक रूप हराउँदै गएको छ। गाउँका आँगन, मन्दिर र चोकमा नारीहरू आवाज बन्द गरेर बजारिया गीत घन्काउँदै मनोरञ्जन लिन थालेका छन्। तिज पर्वको नाउँमा गीतमा व्यापार गर्नेहरूले तिजको मौलिकता मेटाएका छन्। पर्वको नाम बेचेर पैसा कमाउने धन्दामा लागेका छन्।

समय परिवर्तनसँगै नारीहरू शिक्षित हुन थाले। शिक्षित नारीका चेतना पहिलेभन्दा फरक हुन थाल्यो। केटाको अनुहार नचिन्दै विवाहमण्डपमा बस्ने चलन हराउँदै गयो। नारीहरू पुरुषसँगै घरबाहिर काममा निस्किन थाले। घरको आर्थिक भार आफैंले सम्हाल्न थाले। मन परेको मान्छेलाई अपनाउन थाले। मन नमिलेपछि आआफ्नो बाटो समातेर हिँड्न पनि थाले। यति हुँदा पनि पितृसत्ताले नारीको प्रगतिलाई सहजै स्वीकार गर्न सकिरहेको छैन। नारीका प्रतिभालाई देखावटी सम्मानको लेप लगाएको छ तर आत्मिक सम्मान दिन सकेको छैन। पुरुषमैत्री समाजले पहिले नारीलाई नारी नै प्रयोग गरेर अधीनस्थ गऱ्यो। अहिले नारी र पुरुष दुबैले नारीलाई गीत, विज्ञापन, मनोरञ्जनलगायतका विभिन्न बहानामा प्रयोग गरेर वस्तुकरण गरिरहेको छ। नारीको स्वर, शरीर र सौन्दर्यलाई बजारमा बेचिरहेको छ। नारीले निर्धक्क भएर मनको आवाज व्यक्त गर्न पाउने तिज पर्वमा समेत हस्तक्षेप गरेर नारीको स्वतन्त्रता हरण गरेको छ।

तिज पर्वमा गाइने गीतले नारीको वास्तविक अवस्थाको चित्रण गर्दछ। समय परिवर्तन भए, नभएको मापन गर्ने साधनको रूपमा पनि सो पर्वमा गाइने गीतलाई लिन सकिन्छ। गीत रचना गर्ने आधार समाज हो। समाजमा देखिएका चित्र र चरित्रलाई रचनाकारले कविता, कथा, गीतजस्ता विधाको माध्यमबाट बाहिर ल्याउँछन्। तिज पर्वलाई नारीकेन्द्रित पर्वको रूपमा लिइने हुनाले यस पर्वमा बजाइने गीतमा नारीका भोगाइलाई विशेष प्राथमिकता दिइन्छ। धेरैले तिज पर्वसँग सम्बन्धित रहेर गीत लेखेका छन्। धेरैले गाएका छन्।

तर श्रीमान्ले लेखेको गीत श्रीमती गाउने कुरा भने संयोगले मात्र जुराउँछ। सुन्दरमणि/श्रीमान् र विष्णुमाझी/सुन्दरमणिकी श्रीमतीले २०८१ सालमा बजारमा ल्याएको आइन् आमा ओई तिज गीतको सन्दर्भ र त्यस गीतको भाव बुझ्दा आज पनि नारीहरू उही पुरानै जीवनशैलीमा जीवन बिताउन बाध्य छन्। पुरुषले नारीलाई हेर्ने दृष्टिकोणमा कुनै पनि परिवर्तन आएको पाइँदैन। उक्त ‘आइन् आमा ओई’ बोलको गीतमा प्रस्तुत गरिएको विषयवस्तुले सो कुरालाई प्रस्ट पारेको छ।

जस्तै : ‘आइन् आमा ओई यो तिजमा, एकै झल्को देख्न मन छ, तिम्रो आँगन टेक्न मन छ...’ प्रस्तुत गीतको ‘आइन् आमा ओई यो तिजमा’ ले समग्र गीतको भावलाई प्रतिनिधित्व गरेको छ। वर्षको एकचोटि जसरी पनि माइत पुग्ने नारीको अधिकार हनन् भएको कुरा व्यक्त भएको सन्दर्भले पुष्टि गरेको छ। विवाहित नारीका लागि विशेष मानिने तिज पर्वमा माइत जान नपाउँदा एकै झल्को भए पनि आमालाई देख्न मन भएको र माइतीको आँगनमा टेक्न मन भएको नारी मनको अनुभूतिलाई उक्त अन्तराले प्रस्ट पारेको छ।

विवाह संस्कारको चलनमा गरगहना देखाउने आधुनिकताले प्रवेश गरेको छ। मारे पाप पाले

❖ बाँकी तेस्रो पृष्ठमा

